# अरुण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८१/१/१२

### भाग-२

### अरुण गाउँपालिका

## अरुण गाउँपालिका, भोजपुरको
## खानेपानी तथा सिँचाइ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यविधि
## (प्रथम संशोधन), २०७७

(गाउँ कार्यपालिकाबाट संशोधित मितिः २०८१/१/११)

आज्ञाले
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

# अरुण गाउँपालिका, भोजपुरको
# खानेपानी तथा सिँचाइ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यविधि (प्रथम संशोधन), २०७७

**- कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।०३।०३**

| **संशोधन गर्ने कार्यविधि** | **संशोधन मिति** |
|---|---|
| अरुण गाउँपालिका, भोजपुरको खानेपानी तथा सिँचाइ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यविधि (प्रथम संशोधन), २०८१ | २०८१/०१/११ |

**प्रस्तावना**

अरुण गाउँपालिका अन्तर्गतका वासिन्दाहरुलाई बर्षैभरि खानेपानी तथा सिँचाइ सेवा उपलब्ध गराउनका लागि बहुउद्देश्यीय सतह भूमिगत जल उपयोग, नयाँ प्रविधिमा आधारित लिफ्ट सिँचाइ, लिफ्ट खानेपानी तथा सिँचाइ र खानेपानी प्रणालीको बिस्तार, प्रवर्धन तथा विकास गर्न, विगतमा विकास गरिएका खानेपानी तथा सिँचाइ संरचनाहरुबाट बर्षैभरि खानेपानी तथा सिँचाइ सुविधा उपलब्ध गराउनका लागि सम्भाव्यताका आधारमा अन्तरजलाधार जलस्थानान्तरण (Inter Basin Water Transfer) हुने आयोजना, जलाशययुक्त (Reservoir Based) आयोजनाको निर्माण गर्ने तथा स्थानीय स्तरमा उपलब्ध सतह तथा भूमिगत जलस्रोतको संयोजनात्मक उपयोग गर्न, जनसहभागितामूलक पद्धतिलाई प्रभावकारी रुपमा लागू गर्न उपभोक्ता संस्थालाई जिम्मेवार र उत्तरदायी तुल्याउन, संस्थागत सुदृढीकरण र पानीका स्रोत तथा तिनको प्रयोग तथा जलउत्पन्न प्रकोप नियन्त्रण गर्न गाउँपालिकाको पूर्वाधार सम्बन्धी ऐन, २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी अरुण गाउँपालिका स्तरीय खानेपानी तथा सिँचाइ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यविधि (प्रथम संशोधन), २०७७ जारी गरिएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम खानेपानी तथा सिँचाइ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यविधि (प्रथम संशोधन), २०७७ रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाद्वारा स्वीकृत भएपश्चात् तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “गाउँपालिका” भन्नाले अरुण गाउँपालिकालाई सम्झनु पर्नेछ।

(ख) “ऐन” भन्नाले पुर्वाधार विकास सम्बन्धी ऐन, २०७६ लाई सम्झनु पर्नेछ।

(ग) “गाउँ कार्यपालिका” भन्नले अरुण गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ।

(घ) “अध्यक्ष” अरुण गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्ने छ।

(ङ) “उपाध्यक्ष” अरुण गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्ने छ।

(च) “निर्माण कार्य” भन्नाले कुनै योजना वा प्रणालीको सम्पूर्ण वा केही भागको निर्माण, पुनर्निर्माण, सुधार, मर्मत संम्भार एवम् प्रणालीको सञ्चालन अन्तर्गत गरिने कार्यलाई बुझाउँदछ।

(छ) “योजना” वा “प्रणाली” भन्नाले गाउँपालिकाद्वारा वा स्थानीय लाभग्राही वा अन्य कुनै व्यक्ति वा संघसंस्थाले निर्माण गरेको वा गरिरहेको वा हुने तथा गाउँपालिकाको लगानी भइरहेको वा यस कार्यविधि बमोजिम हुने खानेपानी तथा सिँचाइ योजना वा प्रणाली तथा जलउत्पन्न प्रकोपसम्बन्धी योजनालाई बुझाउँदछ।

(ज) “प्याकेजिङ्ग” भन्नाले सञ्चालित योजना एउटै निर्माण कार्यलाई वा सो कार्यको प्रकृति, अवस्थिति आदि हेरी निर्माण कार्यको लागत अनुमान पालिकास्तरबाट स्वीकृत हुने समयमै दुई वा दुईभन्दा बढी खण्डमा विभाजन गरी स्वीकृति गराउने कार्यलाई बुझाउँछ।

(झ) “उपभोक्ता” भन्नाले निश्चित लक्ष्य प्राप्त गर्न सञ्चालित योजना वा प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुने व्यक्ति वा सदस्यलाई बुझाउँदछ।

(ञ) “साधारण सदस्य” भन्नाले सञ्चालित योजना वा प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुने लाभग्राही परिवारको प्रतिनिधिलाई बुझाउँदछ।

(ट) “उपभोक्ता संस्था” भन्नाले कार्यविधिमा उल्लेख भए बमोजिमका लक्ष्य प्राप्तिका लागि लाभग्राही वा सेवाग्राहीहरु सहभागी भई दफा-१० बमोजिम गठित सस्थालाई बुझाउँछ।

(ठ) “उपभोक्ता समिति” भन्नाले दफा-१० बमोजिम गठित संस्थाका पदाधिकारीहरु अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव लगायत अन्य सदस्यहरुलाई बुझाउँदछ।

(ड) “साधारण सभा” भन्नाले उपभोक्ता संस्थामा आबद्ध सम्पूर्ण सदस्यहरु सहभागी भै वार्षिक रुपमा गरिने पूर्ण भेलालाई बुझाउँदछ।

(ढ) “कुलो” भन्नाले मुल वा शाखा वा उपशाखा वा प्रशाखा वा कुनै खोलाबाट निस्कने र ४ हे. सम्म क्षेत्रफललाई सिँचाइ सेवा पुऱ्याउनेलाई बुझाउँदछ।

(ण) “साना सिँचाइ” भन्नाले १ हे. देखि २५ हे. सम्म क्षेत्रफललाई सिँचाइ सेवा पुऱ्याउने आयोजनलाई बुझाउँदछ।

(त) “मझौला सिँचाइ” भन्नाले २६ हे. देखी ५०० हे. सम्म क्षेत्रफललाई सिँचाइ सेवा पुऱ्याउने आयोजनालाई बुझाउँदछ।

(थ) “ठूला सिँचाइ” भन्नाले ५०१ हे. देखी १००० हे. सम्म क्षेत्रफललाई सिँचाइ सेवा पुऱ्याउने आयोजनालाई बुझाउँदछ।

(द) “बृहत् सिँचाइ” भन्नाले १००० हे. भन्दा बढी क्षेत्रफललाई सिँचाइ सेवा पुऱ्याउने आयोजनालाई बुझाउँदछ।

(ध) “शाखा वा शाखा कार्यालय” भन्नाले गाउँपालिकाको सिँचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण शाखा वा वडा कार्यालयहरुका उप शाखा वा तोकिए बमोजिमका शाखा उपशाखाहरुलाई समेत बुझाउँदछ।

(न) “उपभोक्ताद्वारा सञ्चालित प्रणाली” भन्नाले गाउँपालिका वा अन्य सरकारी निकाय वा गैर सरकारी सस्था वा कुनै दातृ निकाय द्वारा निर्माण भई पूर्ण रुपमा उपभोक्तद्वारा सञ्चालित सिँचाइ प्रणलीलाई बुझाउँदछ।

(प) “परम्परागत सिँचाइ प्रणाली” भन्नाले कृषकहरु द्वारा निर्मित एवं सञ्चालित नदी खोला तथा पानीका अन्य श्रोतबाट बाँध बनाई कुलो, नहर पैनी वा ट्यूबेलको माध्यमद्वारा सतह वा भूमिगत पानी प्रयोग गरी सिँचाइ गर्ने प्रणालीलाई बुझाउँदछ।

(फ) “लिफ्ट खानेपानी वा सिँचाइ प्रणाली” भन्नाले जल उपयोग गर्नैपर्ने क्षेत्रभन्दा कम उचाईमा रहेको पानीको श्रोतबाट विद्युतीय वा अन्य उर्जाको प्रयोग गरी खानेपानी ट्यांकी वा सिँचाइ गर्नुपर्ने कृषि भूमिमा पानी पुऱ्याउने आयोजनालाई सम्झनु पर्दछ।

(ब) “भूमिगत खानेपानी वा सिँचाइ प्रणाली” भन्नाले डिप बोरिङ, ट्यूवेल, स्यालो ट्यूवेल, ईनार आदी बनाई जमिन मुनिको पानी तानेर खानेपानी वा सिँचाइमा प्रयोग गर्ने प्रणालीलाई सम्झनु पर्दछ।

(भ) “सञ्चालक” भन्नाले आयोजना प्रणाली सम्बन्धी निर्माण र व्यवस्थापनका लागि कार्यविधिले निर्दिष्ठ गरेको जिम्मेवार पदाधिकारी वा संस्थालाई सम्झनु पर्नेछ।

(म) “सम्झौता” वा “खरिद सम्झौता” भन्नाले यसै उपभोक्ता संस्था मार्फत सञ्चालन गर्नको लागि कार्यालय र संस्थाबीच तोकिएका शर्तहरु मान्य हुने गरी गरिने लिखित करारनामा वा कबुलियतनामालाई सम्झनु पर्नेछ।

(य) “साना खानेपानी” भन्नाले रु. १ करोडसम्म लागत लाग्ने खानेपानी आयोजनालाई सम्झनु पर्दछ।

(र) “मझौला खानेपानी” भन्नाले रु. १ करोडदेखि रु. ५ करोडसम्म लागत भएका खानेपानी आयोजनालाई सम्झनु पर्दछ।

(ल) “ठूला खानेपानी” भन्नाले रु. ५ करोडभन्दा बढी लागत भएका खानेपानी आयोजनालाई सम्झनु पर्दछ।

३. <u>उद्देश्यः</u> (१) कृषिमा उत्पादकत्व अभिवृद्धि गर्न टेवा पुऱ्याउनका लागि मुलुकमा उपलब्ध जलस्रोतको अधिकतम् उपयोग गरी सिँचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्ने।

(२) सिँचाइ तथा खानेपानी संरचनाहरुको उचित मर्मत संभार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्ने तथा नयाँ खानेपानी तथा सिँचाइ योजनाहरुको निर्माण गरी वर्षैभरी भरपर्दो सिँचाइ सेवा पऱ्याउने।

(३) सिँचाइ वा खानेपानीका लागि सतह वा भूमिगत जलस्रोतलाई संयोजनात्मक रुपमा उपयोग गर्ने।

(४) सम्भाव्यताका आधारमा गाउँपालिकाको सबै क्षेत्रमा सिँचाइको सन्तुलित र सामन्जस्ययुक्त विकास गर्ने।

(५) बहुउद्देश्यीय जलाशय एवं अन्तरजलाधार जल स्थानान्तरण योजना लगायत सिँचाइ तथा खानेपानी सम्बन्धी प्रविधिको विकास तथा कार्यान्वयन गर्न सक्षम हुनेगरी संगठनात्मक सुधार तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने।

(६) निर्माण प्रणालीमा स्थानीय उपभोक्ता वा लाभग्राहीहरुमा अपनत्वको भावना जगाई गुणस्तरियता तथा दिगोपना सुनिश्चित गर्ने गराउने।

(७) उपभोक्ता वा लाभग्राहीको सार्थक सहभागिता गराउने।

४. **कार्यक्षेत्र:** कार्यक्षेत्रहरु देहायबमोजिम हुनेछन्

(१) सतह खानेपानी तथा सिँचाइ सम्बन्धी कार्यहरु

(२) भूमिगत खानेपानी तथा सिँचाइ सम्बन्धी कार्यहरु

(३) परम्परागत खानेपानी तथा सिँचाइ र नविनतम प्रविधिमा आधारित जलस्रोत सम्बन्धी कार्यहरु

(४) नदी तटबन्ध तथा जलउत्पन्न प्रकोप नियन्त्रण र न्यूनीकरण सम्बन्धी कार्यहरु।

## परिच्छेद–२
## आयोजना तथा उपभोक्ता संस्था मार्फत् सञ्चालन गर्नेसम्बन्धी व्यवस्था

५. **उपभोक्ता संस्थाबाट सञ्चालन गर्न सकिने आयोजना सम्बन्धी व्यवस्था:** (१) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेखित सिमा भित्रका ओजनाहरुका देहायबमोजिमका कार्यहरु (आयोजनाहरु) उपभोक्ता संस्था मार्फत सञ्चालन गराउन सकिने छन्।

(क) श्रममूलक तथा स्थानीय क्षमता र स्रोतसाधनमा आधारित कार्यहरु

(ख) स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने कार्यहरु

(ग) अधिकतम उपभोक्ताहरु सहभागी हुनसक्ने प्रकृतिका कार्यहरु

(घ) यस प्रक्रियाबाट सम्पादन गराउँदा मितव्ययी र दिगो हुनसक्ने प्रकृतिका कार्यहरु

(२) उल्लेखित कुल लागत अनुमान रकममा मूल्य अभिवृद्धि करको रकम, ओभरहेड रकम, साधारण कन्टिन्जेन्सीको रकम, बीमा वापतको रकम तथा उपभोक्ताले व्यहोर्नुपर्ने अंश वापतको रकम समावेश हुनु पर्नेछ।

(३) उपभोक्ता मार्फत सञ्चालन गरिने कार्यहरुका हकमा देहायका विधिहरु अवलम्बन गरिने छन्।

(क) मूल लागत अनुमान स्वीकृति हुने क्रममै गाउँपालिकाको तर्फबाट व्यहोरिने कामको अंश र उपभोक्ताले जनसहभागिता वापत व्यहोर्नुपर्ने कामको अंश छुट्टिने गरी प्याकेजिङ गर्नु पर्दछ तथा सोही प्याकेजिङ बमोजिम कार्य सञ्चालन गर्नु पर्नेछ।

(ख) मूल लागत अनुमान स्वीकृति हुने क्रममै गाउँपालिकाको तर्फबाट गरिने कार्यलाई उपभोक्ताले भुक्तानी पाउने गरी गर्ने कार्य र अन्य प्रक्रिया अपनाई गराउने कार्यमा विभाजन गरी सोही अनुसार सम्पादन गराउनु पर्नेछ।

(ग) मूल लागत अनुमान स्वीकृत नभएका कार्यहरुका हकमा स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको बजेटलाई नै मूल लागत अनुमान मानी कार्य सम्पादन गराउनु पर्दछ।

(घ) स्वीकृत कार्यक्रममा अलग अलग शीर्षकमा उल्लेखित विभिन्न कामहरुको आवश्यकता र औचित्यका आधारमा अलग अलग लागत अनुमान तयार गर्न सकिनेछ।

(ङ) स्वीकृत कुल लागत अनुमान र प्याकेजिङलाई खण्डित वा रिप्याकेजिङ गरी काम गराउनु परेमा पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ।

(च) दफा ५.१ को सिमा माथीका आयोजनाहरु बोलपत्र मार्फत काम सम्पादन गराउँदा बचत भएको रकम प्रयोग गरी थप काम गराउनु परेमा कार्यविधि बमोजिम उपभोक्ता संस्थाद्वारा गराईनेछ।

(४) जनसहभागिताको हकमा सिँचाइ खानेपानी तथा जलउत्पन्न प्रकोपसम्बन्धी कार्यहरु पुर्वाधार विकास सम्बन्धी ऐन, २०७६ मा उल्लेख भए अनुसार हुनेछ। साथै सिँचाइ (कुलो पैनी निर्माणस्थल) र खानेपानी ट्याङ्की निर्माण स्थलका लागि आवश्यक पर्ने जग्गा उपभोक्ताले निःशुल्क रुपमा उपलब्ध गराउनुपर्नेछ र

सो समेतलाई तोकिए बमोजिमको जनसहभागिताको अंशमा समावेश गराईने छ । तर साना सिँचाइ सम्वन्धिका कार्यक्रम/आयोजनाहरु कृषि समुह, कृषि सहकारीहरुबाट सञ्चालन गर्न वाधा पर्ने छैन ।

६. **कार्यसञ्चालन गर्ने उपभोक्ता संस्थाको छनौटका आधारः** यस कार्यविधि बमोजिम तोकिएका कार्यहरु सञ्चालन गर्नका लागि देहाय बमोजिमका उपभोक्ता संस्थाहरु छनौट गर्न सकिनेछः

(१) कार्यसञ्चालन गर्नका लागि कार्यालय र उपभोक्ता संस्थाबीच सम्झौता हुनुअघि नै यसै कार्यविधि बमोजिम सम्बन्धित उपभोक्ता संस्थाको उपभोक्ता समिति यसै कार्यविधि बमोजिम गठित उपभोक्ता संस्था दर्ता वा नवीकरण भएको हुनु पर्नेछ ।

(२) तोकिएका कार्यहरु सञ्चालन गर्न श्रम, सीप र दक्षता एवं पूँजीगत तथा संस्थागत दृष्टिकोणले समेत उपभोक्ता संस्था सक्षम हुनु पर्नेछ ।

(३) नयाँ निर्माण वा पुनर्निर्माणको हकमा सम्पादन गर्नुपर्ने कार्यको लागत अनुमान सम्बन्धित निकायबाट स्वीकृत भइसकेपछि उपभोक्ताको तर्फबाट तोकिए बमोजिम बेहोर्नु पर्ने नगद अंश बराबरको रकम गाउँपालिकाको बैंक खातामा जम्मा गरी सोको भौचर सम्बन्धित शाखामा सम्झौता पूर्व पेश गरेको हुनु पर्नेछ ।

७. **आयोजना पहिचान, अध्ययन तथा छनौटः** (१) आयोजनाको विकास र निर्माण गर्दा प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्षको अध्ययन गरी निर्दिष्ट मापदण्डका आधारमा पहिचान तथा छनौट गरिनेछ ।

(२) सामाजिक न्याय, सन्तुलित विकास, वातावरणीय सन्तुलन, विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने कुरालाई ध्यानमा राखी आयोजनाको छनौट गरिनेछ । यसका साथै बर्षैभरि पानी उपलब्ध गराउन सक्षम हुने गरी भूमिगत र सतहजलस्रोतको संयोजनात्मक उपयोगका संभाव्यतालाई समेत आयोजना छनोटको आधारका रुपमा लिइनेछ । यसरी आयोजना छनौट गर्दा आवश्यकता अनुसार सरोकारवाला निकाय, वडा कार्यालय तथा कृषि शाखासँग समन्वय गरिनेछ ।

(३) जलस्रोत सम्बन्धी गुरुयोजना र राष्ट्रिय जलस्रोत रणनीति अनुरुप एक जलाधार क्षेत्रको पानी अर्को जलाधार क्षेत्रमा प्रयोग गर्न आयोजनाको सम्भावनालाई समेत मध्यनजर राखि हरेक जलाधार क्षेत्रभित्र बहुउद्देश्यीय लाभ प्राप्त हुने प्रकृतिका आयोजनाको अध्यावधिक सूची तयार गर्नुका साथै तिनको प्राथमिकता क्रमका आधारमा कार्यान्वयन गर्ने ।

(४) खानेपानी तथा सिँचाइ प्रणालीले पुऱ्याउने सेवाको अनुगमन गर्दा पानीको परिमाण, बस्तीको सघनता, सिंचित क्षेत्रफल, बाली सघनता, उत्पादन तथा उत्पादकत्व वृद्धि, उपभोक्ता संस्थाको आर्थिक स्थिति र कार्यक्षेत्रमा हुनसक्ने परिवर्तनलाई आधार मानिनेछ ।

(५) गाउँपालिका र उपभोक्ता संस्थाको सक्रिय संलग्नतामा जलाधार क्षेत्रभित्र रहेका तथा सम्भाव्य प्रणालीको विस्तृत आधारभूत तथ्याङ्क तयार पारी स्थानीय स्तरमा आवधिक योजना बनाइने ।

(६) एकीकृत जलाधार व्यवस्थापनको अवधारणा अनुरुप आयोजना छनौट गर्ने ।

(७) गाउँपालिका जल उपभोक्ता संस्था तथा स्थानीय समुदाय समेतको सहयोगमा ठूला तथा मझौला आयोजनाको अध्ययन गरी कार्यान्वयन गरिनेछ ।

(८) खानेपानी तथा सिँचाइ क्षेत्रको विकास, विस्तार तथा लगानीमा भौगोलिकता तथा क्षेत्रीय समानता र सन्तुलनका आधारमा आयोजनालाई प्राथमिकता दिने ।

(९) सूचना, शिक्षा र संचारका विधिको माध्यमबाट उपभोक्तालाई आयोजना छनोटकै चरणदेखि प्रत्यक्ष सहभागी गराइनेछ ।

८. **गाउँपालिका स्तरीय सञ्चालन गर्न सकिने अन्य आयोजना सम्बन्धी व्यवस्थाः** (१) यस क्षेत्रको विकास तथा बिस्तार सम्बन्धी चुनौतीहरुलाई सम्बोधन गर्न नदी जलाधार क्षेत्रको एकीकृत विकास तथा व्यवस्थापन समेत हुनेगरी गाउँपालिका स्तरमा खानेपानी तथा सिँचाइ गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।

(२) गाउँपालिकाले सिँचाइ सुविधा प्राप्त क्षेत्रलाई सिंचित क्षेत्र घोषणा गर्नेछ । घोषित सिंचित क्षेत्रभित्रको जग्गा गैरकृषि प्रयोजनका लागि उपयोग गर्नुपूर्व आवश्यकता अनुसार गाउँपालिकाको अनुमति अनिवार्य रुपमा लिनु पर्नेछ ।

(३) सिँचाइ सुविधा प्राप्त क्षेत्रमा कृषि उत्पादन बढाउनको लागि सरोकारवाला सरकारी/गैरसरकारी निकायसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरि नयाँ आयोजनाहरु सञ्चालन गर्न पहल गरीनेछ।

(४) भौगोलिक र धरातलीय भिन्नताको आधारमा विविध प्रकृतिको सिँचाइ प्रविधि, संरचना र स्रोतको आवश्यकता र महत्वलाई उचित तवरले दृष्टिगत गरी तिनीहरु सबैको उच्चतम उपयोग गर्दै यस क्षेत्रमा थप अध्ययन र अनुसन्धानको कार्यहरु सञ्चालन गरिनेछ।

(५) खानेपानी तथा सिँचाइ सम्बन्धी आयोजना तर्जुमा गर्दा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तलाई अवलम्बन गरिनेछ।

(६) मौसमी वर्षाको पुरकको रुपमा विकसित सिँचाइ प्रणालीलाई वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउन जलाशय निर्माण, वर्षाको पानी संचय गर्ने पद्धतिको अवलम्बन र भूमिगत जलस्रोतको विकास, संरक्षण, सम्बर्धन र उपयोग गरिनेछ। वर्षामा जम्मा हुने पानीको समुचित निकासको व्यवस्था गर्दै लगिनेछ।

(७) उपलब्ध भूमिगत जल भण्डारलाई महत्वपूर्ण स्रोतको रुपमा विकास र उपयोग गरी आवश्यक संरक्षण गरिनेछ।

(८) गुणस्तरीय खानेपानी तथा सिँचाइ प्रणालीहरुको निर्माण, मर्मत, सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी समूह तथा समुदायलाई सहभागी गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(९) खाली बाँझो तथा पर्ती जग्गामा सिँचाइ क्षेत्र विस्तार गरी गरिबी न्यूनीकरण गर्न जोड दिइनेछ।

(१०) जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न जलवायु जोखिम व्यवस्थापन एवं प्रकोप जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुका साथै अनुकूलनमा जोड दिई कार्यक्रम सञ्चालन गरिनेछ।

(११) खानेपानी तथा सिँचाइ क्षेत्रमा लैङ्गिक समानता, सकारात्मक विभेदको अन्त्य तथा सामाजिक समावेशीकरण सुनिश्चित गरिनेछ।

## परिच्छेद–३
## आयोजना सञ्चालन, उपभोक्ता संस्था गठन, दर्ता एवं व्यवस्थापन

९. **आयोजना सञ्चालनका लागि प्रस्ताव आह्वान/सूचना प्रकाशन:** यस कार्यविधि अनुसार देहाय बमोजिम सूचना प्रवाह गरि आयोजनाहरु सञ्चालन गरिनेछ।

(१) शाखाले प्रत्येक आ.व.मा आफु अन्तर्गतको कार्यक्रम स्वीकृत भएपछि सरोकारवालाहरुको जानकारीको लागि सोको विवरण सार्वजनिक गरी सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) सम्बन्धित उपभोक्ता संस्थाले सम्बन्धित पालिकाको शाखामा कार्यसञ्चालनका लागि प्रस्ताव पेश गर्न सक्नेछ।

(३) प्रस्तावसाथ आफूले गर्न चाहेको कामको विवरण, सो कामको लागत मध्येबाट आफूले व्यहोर्न तयार रहेको अंश तथा सोको प्रकृति (नगद, जनश्रमदान आदि), काम सम्पन्न गर्न आवश्यक रहेको समय तथा अन्य आवश्यक कुराहरु खुलाई निवेदन प्रस्ताव पेश गनु पर्नेछ।

(४) प्रस्ताव प्राप्त भएपछि शाखाले उपभोक्ता संस्थाका पदाधिकारी समेतको संलग्नतामा स्थलगत अध्ययन, पानीको अग्राधिकार अन्य उपभोक्ताले सोको उपयोग गरे नगरेको अवस्था, सम्पादन गर्नुपर्ने कार्यको लागत अनुमान, कामको प्रकृति, समय सिमा, उपलब्ध बजेट आदि समेतमा छलफल गर्नेछ।

(५) शाखाले यस कार्यविधिको दफा ६ र ७ बमोजिम कामको प्रकृति, उपभोक्ता संस्थाको छनौट, आयोजनाको पहिचान, अध्ययनका आधारहरुको आँकलन गरी उक्त काम आयोजना उपभोक्ता संस्थाबाट गराउन उपयुक्त रहे नरहेको निर्क्यौल गरी सोको लिखित सूचना उपभोक्ता संस्थालाई दिईनेछ।

(६) शाखाले आयोजनाको पूर्ण विवरण, सोको परिमाण तथा लागत अनुमान, उल्लेखित लागत बमोजिम उपभोक्ताले व्यहोर्नुपर्ने लागतको अंश र सोको प्रकृति, काम सम्पन्न गरिसक्नुपर्ने समय सिमा एवं अन्य आवश्यक कुरा खुलाई लिखित रुपमा सम्बन्धित उपभोक्ता संस्थासँग अनुसुची-१, बमोजीमको अन्तिम प्रस्ताव माग गर्नेछ।

(७) दफा (९) उपदफा (५) बमोजिम उपभोक्ता संस्थाद्वारा काम गराउन उपयुक्त रहेको लिखित सूचना दिईएको वा अनुसुची-१, बमोजिमको प्रस्ताव साथ १५ (पन्ध्र) दिनभित्रै सम्बन्धित उपभोक्ता संस्था दर्ता वा नवीकरण गराई प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

(८) दफा (९) को उपदफा (७) बमोजिम पेश भएको उपभोक्ता संस्थालाई शाखाले सम्बन्धित आयोजना सञ्चालन गर्नका लागि सम्झौता गर्नेछ ।

(९) यसरी सम्झौता भएको आयोजना कुनै ठेक्का, बोलकवुलमा अन्य व्यक्ति वा संस्थालाई दिन पाईने छैन ।

**१०. उपभोक्ता संस्था गठन, दर्ता तथा व्यवस्थापनः** (१) उपभोक्ता संस्थाको एउटा विधान हुनेछ ।

(२) उपदफा (१) बमोजिमको विधानमा देहायका कुराहरु समावेश भएको हुनु पर्नेछ ।

(क) उद्देश्य तथा कार्य क्षेत्र,
(ख) सदस्यताको लागि योग्यता,
(ग) सदस्यताको शुल्क र सदस्यता प्रदान गर्ने विधि,
(घ) सदस्यताको अयोग्यता,
(ङ) साधारण सभाको अधिवेशन,
(च) साधारण सभाको काम, कर्तव्य, र अधिकार,
(छ) कार्य समितिको गठन,
(ज) कार्य समितिको बैठक,
(झ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार,
(ञ) विभिन्न तह वा क्षेत्रमा समुह वा उपसमुहहरु गठन
(ट) निर्वाचन सम्बन्धी व्यवस्था,
(ठ) अविश्वासको प्रस्ताव,
(ड) आर्थिक श्रोत,
(ढ) चल अचल सम्पत्तिको विवरण,
(ण) कोष,
(त) लेखा परीक्षण,
(थ) विधानमा संशोधन,
(द) विनियम बनाउन सक्ने,
(ध) अन्य आवशयक कुराहरु ।

(३) उपभोक्ता संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले ३०० रुपैया दस्तुर, उपभोक्ता संस्थाको २ प्रति विधान र मुहान दर्ता भइसकेको भए दर्ताको प्रमाण पत्र वा नभएको भए स्रोतको विवरण सहित सँधियारीहरु वा मुहान आसपासका वा मुहानसँग सरोकार राख्ने स्थानीय वासीहरु सहभागी भई मुहान विवाद नभएको सम्बन्धित वडा कार्यालयद्वारा सरजमिन मुचुल्का गराई गाउँपालिकाको सिँचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रण शाखा वा तोकिएको शाखा समक्ष अनुसुची-२, बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(४) दफा १० (३) बमोजिम दरखास्त प्राप्त भएपछि ऐन र यस कार्यविधि बमोजिम दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरेको वा नगरेको सम्बन्धमा गाउँपालिकाले जाँचबुझ गर्नुपर्नेछ ।

(५) दफा १० (४) बमोजिम दरखास्तको साथमा आवश्यक कागजात नपुग भएमा मनासिब माफिकको समय तोकी दरखास्तवालालाई कागजात पेश गर्न सूचना दिनु पर्नेछ ।

(६) उपभोक्ता संस्था गठन गर्दा खानेपानी तथा सिँचाइ क्षेत्रभित्र रहेका उपभोक्ताहरु मध्येबाट ३३ (तेत्तिश) प्रतिशत महिलाको सहभागिता हुने गरी दलित, उत्पीडित, पिछडिएका वर्ग समुदाय र जनजाति समुदाय तथा सिमान्तकृत कृषक वा उपभोक्ता समुदायहरुको उचित प्रतिनिधित्व रहनु पर्नेछ ।

(७) मुहान समेतको उपभोक्ता संस्था दर्ताका लागि प्राप्त दरखास्त आवेदनमाथि सम्बन्धित शाखाले परियोजना निर्माण वा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने वा कोहि कसैको हकभोग भए/नभएको वा दावी विरोध भए उजुरी गर्न [1]७ (सात) दिने सार्वजानिक सूचना प्रकाशन गर्नेछ।

(८) उपदफा ७ बमोजिमको सूचना अनुसार कसैको उजुरी पर्न नआएमा उपभोक्ता संस्थाले विकास गर्न प्रस्तावित गरेको परियोजना आर्थिक तथा प्राविधिक दृष्टिकोण समेतबाट उपयुक्त भए नभएको जाँचबुझ गरी सो सम्बन्धमा अन्य सम्बन्धित निकायसँग परामर्श गर्न आवश्यक भए परामर्श लिई परियोजना विकास गर्न उपयुक्त देखिएमा दरखास्तवालालाई अनुसूची-३ बमोजिम गाउँपालिकाले उपभोक्ता संस्था दर्ताको प्रमाण पत्र र अनुसूची-४ बमोजिमको जलस्रोत उपयोगको प्रमाण पत्र दिनेछ। तर उल्लेखनीय प्रतिकूल असर देखिएमा सो को न्यूनीकरण गर्ने चित्तबुझ्दो उपाय नभएमा स्रोत उपयोगमा गाउँपालिकाले प्रतिबन्ध लगाउन सक्नेछ।

(९) उपदफा (७) बमोजिम उजुरी, उपदफा (८) बमोजिम जाँचबुझ, परामर्श गर्दा उपभोक्ता संस्था दर्ता गर्न नमिल्ने भएमा दरखास्तवालालाई त्यसको कारण सहितको जानकारी दिईनेछ।

(१०) उपभोक्ता संस्था दर्ता भएपछि उपभोक्ता संस्थाले उपयोग गर्न तोकिएको हद सम्मको परिमाण बराबरको पानीमा उपभोक्ता संस्थाको अधिकार कायम रहनेछ।

(११) आयोजना/प्रणाली सञ्चालनका लागि उपभोक्ता संस्था दर्ता पश्चात सस्थाको मूल लाइन वा कुलोदेखि शाखा वितरण लाइन वा कुलोसम्मको विभिन्न तहमा वा क्षेत्रमा समुह वा उपसमुहहरु गठन गराइ आयोजना/प्रणाली प्रभावकारी रुपले कार्यान्वयन, सञ्चालन र व्यवस्थापनमा सहभागी गराइनेछ।

[2]**१०क. गाउँपालिका स्तरीय जलस्रोत समिति रहने:** (१) यस गाउँपालिकामा रहेको मुहान/मुल दर्ता गर्न, खानेपानी उपभोक्ता समिति दर्ता गर्न, उपभोक्ता संस्था समितिको विधान स्वीकृत गर्न, उपभोक्ता समितिहरु गाभिएर नयाँ बन्न स्वीकति दिन, पानीको उपयोगको प्राथमिकता तोक्न, पानीमा आधारित व्यवसाय सञ्चालनको स्वीकृति दिन वा नदि, खानेपानी तथा मुहान सम्बन्धी विवाद मिलाउन, उजुरी उपर कारवाही गर्न, उपभोक्ता समिति/जल उपभोक्ता संस्थाबाट लिने शुल्क स्वीकृत गर्न तथा यस कार्यविधि बमोजिमका अन्य अधिकार प्रयोग गर्न एक गाउँपालिका स्तरीय जलस्रोत समिति रहने छ।

(२) उपदफा (१) बमोजिमको गाउँपालिका स्तरीय जलस्रोत समितिमा देहायका पदाधिकारीहरु रहनेछन्-

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) | सम्बन्धित वन उपभोक्ता समितिको प्रतिनधि | सदस्य |
| (च) | विपद् तथा वातावरण समितिको संयोजक | सदस्य |
| (छ) | योजना शाखा र पूर्वाधार शाखा | सदस्य |
| (ज) | सहकारी/संघ संस्था दर्ता शाखा प्रमुख | सदस्य-सचिव |

(३) समितिको बैठक संयोजकले तोकेको समय, मिति र स्थानमा बस्नेछ।

(४) समितिका सदस्यको ५१ प्रतिशत उपस्थिति भएमा समितको बैठक बस्न गणपुरक संख्या पुगेको मानिने छ।

(५) कुनै विषयमा मतदानबाट निर्णय गर्नुपर्ने भएमा समितिको उपस्थिति सदस्य संख्याको दुई तिहाई सदस्यहरुको मतलाई गाउँपालिका स्तरिय जलस्रोत समितिको निर्णय मानिने छ।

(६) यस समितिको बैठक सम्बन्धी अन्य कुरा कार्यविधिले तोके बमोजिम हुने छ।

(७) समितिको निर्णय समितिका प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रमाणित गरिने छ।

(८) समितिको कार्यालय अरुण गाउँ कार्यपालिकाको कार्यालयमा रहने छ।

---

[1] प्रथम संशोधनद्वारा संशोधित

[2] प्रथम संशोधनद्वारा संशोधित

(९) यस समितिमा समितिले आवश्यक देखेमा गाउँपालिकाका प्राविधिक, विषयगत शाखा प्रमुखहरु, जिल्ला तहका कार्यालयका प्रतिनिधि, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि, विषेशज्ञ आदिलाई आमन्त्रित गर्न सक्नेछ ।

**११. उपभोक्ता संस्थाको काम कर्तव्य र अधिकार:** उपभोक्ता संस्थाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) शाखा वा पालिकाबाट प्राप्त सूचना तथा जानकारी उपभोक्ताहरुलाई गराउने ।

(२) शाखा वा पालिकाबाट गरिने विभिन्न कार्यमा सघाउने साथै कार्य सञ्चालनका क्रममा कार्यालयबाट प्राप्त निर्देशन/सुझाव पूर्णरुपले पालना गर्ने गराउने ।

(३) सम्झौता अनुसारका कार्यहरुको आफ्नो तर्फबाट समेत सुपरिवेक्षण गरी गुणस्तर नियन्त्रण गर्ने व्यवस्था मिलाउने; त्यसका लागि संस्था गठनकै समयमा वा गठनपश्चात् प्रचलित कानुन बमोजिम आवश्यकता अनुसार निर्माण उपसमिति, अनुगमन तथा गुणस्तर उपसमिति आदि गठन गर्ने ।

(४) सम्झौता बमोजिमका कार्यहरुमा बढीभन्दा बढी उपभोक्ताहरुलाई सहभागी गर्ने गराउने व्यवस्था मिलाउने ।

(५) सम्झौता बमोजिमका कार्यहरुमा पारदर्शिता तथा गुणस्तर कायम राख्ने ।

(६) शाखा तथा पालिकाको तर्फबाट खटिएका पदाधिकारी, कर्मचारीको प्रत्यक्ष सल्लाह र रेखदेखमा काम गर्ने।

(७) संस्थाले प्राप्त गरेको नगद भुक्तानी, जनसहभागिता, खर्चको विवरण तथा पालिकाबाट समयसमयमा माग भएका अन्य विवरणहरु पालिकालाई सहजरुपमा उपलब्ध गराउने ।

(८) कार्यसम्पन्न पश्चात् आम्दानी तथा खर्चको विवरण, सम्पादित कार्यहरुको परिमाण तथा तिनको गुणस्तर साधारण सभाबाट अनुमोदन गराई सोको अभिलेख पालिकालाई उपलब्ध गराउने ।

(९) आफूले गरेका कारोबारको समयमै लेखापरीक्षण गराउने ।

(१०) योजना/प्रणालीका लागि जग्गाको आवश्यकता भएमा सोको निःशुल्क व्यवस्था गर्ने ।

(११) स्थानीय स्तरमा कुनै समस्या आइपरेमा पालिकाको सहयोग लिई वा नलिई सोको समाधानको व्यवस्था गर्ने

(१२) सम्पन्न कार्यमा कुनै त्रुटी देखा परेमा पालिकाको निर्देशन बमोजिम त्रुटी सच्याइ सुधार गर्ने ।

(१३) सम्झौता भएका कार्यहरु सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ तथा अन्य प्रचलित नियम कानूनहरुको अधिनमा रही काम गर्ने ।

(१४) जल उपभोक्ता संस्थाहरुले प्रचलित कानून अनुसार वार्षिक लेखा परिक्षण संस्था दर्ता, नवीकरण अनिवार्य गर्ने ।

(१५) पुर्वधार विकास सम्बन्धी ऐन, २०७६ र यस कार्यविधिले निर्दिष्ठ गरेका अन्य कार्यहरु गर्ने गराउने ।

**१२. कार्य सञ्चालनका लागि खरिद सम्झौता:** देहायका विवरणहरु साथ द्विपक्षीय सम्झौता गरिनेछ ।

(१) सम्पादन गर्नुपर्ने कामको विवरण, प्रकृति, कुल लागत अनुमान, सोमध्ये गाउँपालिका र उपभोक्ताले तोकिए अनुसार व्यहोर्नुपर्ने अंश, प्रकृति तथा समयसीमा निर्धारण गरि उपभोक्ता संस्था र शाखाबीच तोकिएका कार्यहरु गर्न गराउन अनुसूची-५ बमोजिम सम्झौता गरिनेछ ।

(२) सम्पन्न गर्नुपर्ने कार्यहरुको आइटमवाइज दररेट सहितको परिमाणहरुको बिजक तथा उपभोक्ता संस्थाले सम्पादन गरेका कार्यहरुको भुक्तानी गर्दा कट्टा गर्नुपर्ने श्रमदान तथा अन्य योगदान, ओभरहेड आदि बापतको अंश ।

(३) कार्यालयले सम्बन्धित कार्यको सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्ने, नापजाँच गर्ने तथा अन्य आवश्यक प्राविधिक सल्लाह सहयोग उपलब्ध गराउने ।

(४) सम्झौता बमोजिमका कार्यहरु उपभोक्ता संस्था आफैँले गर्नुपर्ने तथा सोको जिम्मा कुनै निर्माण व्यवसायी वा फर्मलाई दिन नहुने ।

(५) सम्पन्न कार्यको भुक्तानीको शर्त र तरिका ।

(६) सम्झौता बमोजिमका कार्यहरुको बीमा गर्नु पर्ने वा नपर्ने तथा त्यसको विवरण ।

(७) त्रुटी सच्याउने/भूल सुधार गर्ने समयावधि र उक्त समयावधि सम्मका लागि कट्टा गरेर राखिने धरौटीको अंश प्रतिशत ।

(८) कार्य सम्पन्न पश्चात् ती कामहरु लगायत योजना/प्रणालीको सञ्चालन तथा मर्मत सम्भार गर्ने जिम्मेवार निकायहरुको विवरण तथा अन्य आवस्यक कार्यहरु ।

**१३.** **उपभोक्तालाई क्षमता विकास तथा अभिमुखीकरण तालिम दिनुपर्ने:** उपभोक्ता संस्थासँग सम्झौता पश्चात् शाखाले देहायका विषयहरुमा अभिमुखीकरण तालिमको व्यवस्था गर्नु पर्नेछ ।

(१) उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार

(२) सम्पादन गर्नुपर्ने कामको विवरण तथा लागत

(३) उपभोक्ताले व्यहोर्नुपर्ने अंश र सोको विवरण

(४) खपत हुने निर्माण सामग्रीहरु तथा तिनको गुणस्तर बारे जानकारी एवं तिनको मोटामोटी परिमाण

(५) कामको सुपरिवेक्षण तथा गुणस्तर एवं तिनको कार्यान्वयन प्रक्रिया

(६) वित्तीय व्यवस्थापन तथा वित्तीय जवाफदेहिता

(७) योजना व्यवस्थापन, कार्यालय व्यवस्थापन तथा अभिलेख व्यवस्थापन

(८) सामाजिक समावेशीकरण तथा अन्य आवश्यक विषयहरु ।

## परिच्छेद–४

## जनसहभागिता, श्रोत परिचालन एवं सञ्चालन व्यवस्था

**१४.** **उपभोक्ता, जनसहभागिता तथा स्रोत परिचालन:** (१) आयोजना कार्यान्वयनका हरेक चरणमा उपभोक्ता संस्थाको प्रत्यक्ष सहभागिता र लगानीमा जोड दिँदै सञ्चालित आयोजना/प्रणालीको मर्मत र सञ्चालनको जिम्मेवारी क्रमिक रुपमा उपभोक्ता संस्थालाई हस्तान्तरण गरिनेछ ।

(२) आयोजनालाई आवश्यक पर्ने जग्गा सम्बन्धित उपभोक्ताले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु पर्नेछ । यसरी हस्तान्तरित जग्गाको प्रचलित दर बमोजिमको मूल्य कायम गरी उपभोक्ताले आयोजना निर्माणमा व्यहोर्नुपर्ने लागत सहभागितामा समायोजन गरिनेछ । तर सार्वजनिक जग्गामा निर्माण हुने संरचनाको हकमा त्यस्तो जग्गाको मूल्य समायोजन गरिने छैन ।

(३) हस्तान्तरित जग्गाको मालपोत मिनाहा र लगत कट्टाका लागि आयोजना/प्रणाली सम्बन्धित कार्यालयले कारवाही चलाउनेछ ।

(४) आयोजना निर्माणको लागत अनुमानमा गाउँपालिका तथा उपभोक्ताले व्यहोर्ने लगानीको अंश अनुसूची-१ बमोजिम गणना गरी प्रत्येक आयोजनाले आफ्नो प्रतिवेदन (Project Appraisal) मा उल्लेख गर्नु पर्नेछ र सो अनुसार उपभोक्ता संस्थाले व्यहोर्ने अंश अनिवार्य रुपमा व्यहोर्नु पर्नेछ ।

(५) मझौला तथा साना आयोजनाको पहिचान, सर्वेक्षण, डिजाइन, इष्टिमेट तथा निर्माणका लागि आवश्यकतानुसार उपभोक्ता संस्थाका साथै गाउँपालिका, संघीय वा प्रदेश सरकार, गैरसरकारी एवं स्थानीय सामुदायिक संस्थाको पनि सहयोग जुटाइनेछ ।

(६) खानेपानी वा सिँचाइको विकास, बिस्तार र उपयोगमा प्रयोग हुने सरकारी स्वामित्वमा रहेका ठूला र भारी उपकरण (हेभी इक्विपमेन्ट) को सेवा सःशुल्क यथासम्भव उपलब्ध गराइनेछ ।

(७) आयोजना निर्माणमा स्थानीय रुपमा आइपर्ने वाधा अड्चन फुकाउने दायित्व उपभोक्ता संस्थाको हुनेछ । खानेपानी तथा सिँचाइसँग सम्बन्धित निकायले यस कार्यमा उपभोक्ता संस्थालाई आवश्यक सहयोग गर्नेछ।

(८) खानेपानी तथा सिँचाइ आयोजनाकै स्वामित्वमा रहेका जग्गा तथा अन्य स्रोतबाट सम्भाव्य आय वृद्धि गर्ने र त्यस्ता स्रोतबाट प्राप्त आय, आयोजना र सम्बन्धित जल उपभोक्ता संस्था मार्फत् खानेपानी तथा सिँचाइ प्रणालीको मर्मत संभारको लागि प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

**१५.** **प्रणाली व्यवस्थापन:** (१) व्यवस्थापन प्रयोजनका लागि प्रणालीलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

(क) उपभोक्ताद्वारा सञ्चालित

(ख) परम्परागत सिँचाइ प्रणाली

(ग) सरकारी वा गैरसरकारी निकायद्वारा उपभोक्ता संस्थालाई हस्तान्तरित प्रणाली

(घ) गाउँपालिकाद्वारा सञ्चालित प्रणाली

(ङ) गाउँपालिका र उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा सञ्चालित प्रणाली

(च) गाउँपालिका र उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा सञ्चालित प्रणाली

(छ) निजी स्तरमा सञ्चालित प्रणाली

(२) उपभोक्ताको माग अनुसार पुनर्निर्माण/सुधार गरिएका र उपभोक्ताद्वारा सञ्चालित प्रणालीको सिँचाइ व्यवस्थापन सम्बन्धित जल उपभोक्ता संस्थाले गर्नेछ ।

(३) गाउँपालिका वा नेपाल सरकारद्वारा सञ्चालित ठूला तथा बृहत् खानेपानी तथा सिँचाइ प्रणालीमा मुख्य लाइन वा कुलेसोदेखि वितरण लाइन वा प्रशाखा नहरसम्मको खानेपानी तथा सिँचाइ संरचनाको मर्मतसम्भार तथा सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी उपभोक्ता संस्थाको हुनेछ । उपशाखा र शाखा संरचना उपभोक्ता संस्थाको सहभागितामा गाउँपालिकाले मर्मत सम्भार तथा सञ्चालन गर्नेछ । सोभन्दा माथिका ठुला संपूर्ण संरचनाको मर्मत संभार नेपाल सरकार वा गाउँपालिकाले गर्नेछ । तर हस्तान्तरित प्रणालीहरुको हकमा मर्मतसंभार तथा सञ्चालन कार्य हस्तान्तरण सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

(४) कुनै पनि खानेपानी तथा सिँचाइ प्रणालीको पूर्ण व्यवस्थापन हस्तान्तरण मूल उपभोक्ता संस्थालाई गरिनेछ ।

(५) साना तथा मझौला सिँचाइ योजना/प्रणालीहरुको निर्माण वा सुदृढीकरण पश्चात् ती प्रणालीको व्यवस्थापनको जिम्मा सम्बन्धित जल उपभोक्ता संस्थाकै हुनेछ ।

(६) कुनै मझौला प्रणालीमा अन्तर्निहित प्राविधिक वा अन्य जटिलताको कारण उपभोक्ता संस्थाले पूर्ण जिम्मेवारी निर्वाह गर्न सम्भव नदेखिएका प्रणालीलाई योजना सम्पन्न भएको निश्चित समयको लागि उपभोक्ता संस्था र गाउँपालिकाले संयुक्त रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

(७) आयोजना कार्यान्वयनको शुरुदेखि नै हस्तान्तरणका लागी गर्नुपर्ने पूर्वतयारीको रुपमा उपभोक्ता संस्थाका संस्थागत विकास र उनीहरुको आर्थिक क्षमता वृद्धि गर्दै लगि निर्माण सम्पन्न भएका प्रणाली उपभोक्ता संस्थालाई हस्तान्तरण गरिने छ ।

(८) नेपाल सरकार वा गाउँपालिकाद्वारा निर्माण गरिएका र हाल नेपाल सरकार वा उपभोक्ता संस्था वा संयुक्त व्यवस्थापनमा सञ्चालित मझौला तथा ठूला प्रणालीमा नेपाल सरकारसको तर्फबाट गरिँदै आएको नियमित व्यवस्थापनको जिम्मेवारी उक्त प्रणालीको सम्पत्ति व्यवस्थापन योजना (Asset Management Plan) बनाएर जल उपभोक्ता संस्थासँग सम्झौता गरी क्रमिक रुपमा हस्तान्तरण गरिने छ । यस्तो हस्तान्तरण सम्बन्धी कार्य जल उपभोक्ता संस्थाको प्राविधिक क्षमता, प्रणालीको दिगो व्यवस्थापनका लागि स्रोतको व्यवस्था र मागको आधारमा गरिनेछ ।

(९) बहुउद्देश्यीय योजनाको निर्माण र व्यवस्थापनमा खानेपानी, सिँचाइ तथा विद्युत लगायत अन्य उपयोगको समानुपातिक लगानी र प्रतिफलको आधारमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

(१०) एक जलाधार वा उपजलाधार क्षेत्रभित्रको बस्तीलाई खानेपानी उपभोगबाट बढी भएको र सम्पूर्ण सिँचाइयोग्य भूमिलाई आवश्यक पानी छुट्याएर मात्र अर्को जलाधार या उपजलाधार क्षेत्रमा खानेपानी तथा सिँचाइ प्रयोजनका लागि पानी लैजान पाउने व्यवस्था गरिनेछ ।

**१६. <u>सिँचाइ सेवा शुल्क र आयस्रोतका अन्य उपाय</u>:** (१) गाउँपालिकाले खानेपानी वा सिँचाइ सुविधा उपलब्ध गराएकोमा खानेपानीको उपयोग र सिँचित जग्गाको उत्पादकत्व र वित्तीय मूल्यांकन समेतलाई विचार गरी प्रणालीको सञ्चालन तथा मर्मत सम्भारका लागि उपभोक्ता संस्था समेतको सहभागितामा सेवाशुल्क उठाउने ब्यवस्था गर्नेछ । यस प्रकारको शुल्क गाउँपालिकामा र उपभोक्ता संस्थाको कोषमा गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम बाँडफाँट गरी रहनेछ ।

(२) ठूला तथा बहुउद्देश्यीय आयोजना कार्यान्वयन गर्न आवश्यक स्रोत जुटाउन गाउँपालिकाले सर्वसाधारण, स्थानीय उपभोक्ता तथा बैँक एवं वित्तीय संस्थाहरुलाई कानूनी व्यवस्थाका आधारमा सेयर जारी गर्न सक्नेछ।

**१७. <u>मर्मत संभार र प्रणाली सञ्चालन</u>:** (१) आयोजनाको निर्माण, विस्तार, नवीकरण एवं सुधार गर्दा बस्ती तथा सिंचित क्षेत्रको आधारमा समानुपातिक हिसाबले पानी वितरण गरिनेछ ।

(२) हस्तान्तरित प्रणालीको मर्मत सम्भार तथा सञ्चालन गर्ने दायित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ।

(३) निर्माण सम्पन्न भएका सबै सिँचाइ प्रणालीहरुमा एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम जस्ता उत्पादन बृद्धि गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

(४) परम्परागत रुपमा निर्माण भई सञ्चालनमा रहेका आयोजनाहरुको मर्मत सम्हारको लागि सहयोग माग भई आएमा गाउँपालिकाले आवश्यकता हेरी आर्थिक अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउने सक्नेछ।

(५) प्राविधिक समस्याको गाम्भीर्यतालाई दृष्टिगत गरी कुनै मर्मत सम्हारको कार्यमा परामर्श सेवाको लागि माग भई आएमा गाउँपालिकाले त्यस्तो सेवा उपलब्ध गराउन सक्नेछ।

(६) अप्रत्यासित रुपले कुनै प्रणालीमा ठूलो हानी नोक्सानी हुन गई उपभोक्ताको काबु बाहिरको परिस्थिति हुन आएमा गाउँपालिकाले त्यस्ता प्रणालीको पुनःर्स्थापनाको हदसम्म राहत सहयोग उपलब्ध गराउन सक्नेछ।

(७) संयुक्त व्यवस्थापनमा रहेका प्रणालीको मर्मत सम्भारको काम सम्झौता अनुरुप गरिनेछ।

## परिच्छेद–५

## जवाफदेही, जिम्मेवारी, समूह, संघ संस्था तथा वातावरण संरक्षण

१८. **जवाफदेही र जिम्मेवारीः** (१) सम्बन्धित शाखाले उपभोक्ता संस्थाद्वारा सम्पादित गरेका कार्यहरुको नापजाँच गरी भुक्तानीको व्यवस्था मिलाउने तथा सोको लगत राखी आवधिक प्रगति विवरण तयार गर्ने र सो सिलसिलामा संस्थाले जनश्रमदानको रुपमा वा भुक्तानी पाउने गरी सम्पादन गरेको कामको समेत नापी किताबमा अनिवार्य रुपमा चढाउने व्यवस्था मिलाउने।

(२) संस्थाबाट कार्यसम्पन्न पश्चात् सो कार्यको अन्तिम नापी गराई शाखाबाट संस्थाले भुक्तानी लिएको रकम तथा जनश्रमदानको अंशबाट गरिएका कार्यहरु, नगद र जिन्सी समेत कुल खर्चको विवरण प्राप्त गर्ने व्यवस्था मिलाउने र सोको अभिलेख राख्ने।

(३) कार्यसम्पन्न पश्चात् सम्पादित कामको स्वामित्व निहित रहने निकाय एवम् तिनको सञ्चालन तथा मर्मत सम्भारका लागि जिम्मेवार निकायसमेत निक्र्यौल गरी सम्पादित काम/योजना/प्रणाली हस्तान्तरण गर्नुपर्ने भए सोको व्यवस्था मिलाउने।

(४) शाखा वा पालिकासँग औपचारिक रुपमा सम्झौता भएपछि सो को आधारमा गाउँपालिकाले आयोजनामा लगानी गर्ने।

(५) उपभोक्ता संस्थाले सम्झौता अनुरुप गर्नुपर्ने काम सम्झौतामा उल्लेखित समयमा पूरा नगरेमा गाउँपालिकाले लगानी स्थगित गरी उपभोक्ता संस्थाले जम्मा गरेको रकम समेत रोक्का गर्न सक्नेछ र रकम रोक्का भएको निर्णयको सूचना उपभोक्ता संस्थालाई अविलम्व दिइने छ।

(६) यस कार्यविधि अन्तर्गत प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्त ठहरिएका ठूला तथा बृहत् ठूला आयोजना, भूमिगत जलस्रोत, लिफ्ट जलस्रोत तथा नयाँ प्रविधि (Non Conventional) सिँचाइ आयोजनाहरुको विकास गर्ने जिम्मेवारी संघीय तथा प्रदेश सरकारको हुनेछ। साना तथा मझौला सिँचाइ आयोजनाको विकास र निर्माण गाउँपालिकाद्वारा सञ्चालन तथा कार्यान्वयन गरिनेछ।

(७) विभिन्न निकायद्वारा जलस्रोतको विकास निर्माण गरे/गराए तापनि त्यसको सम्पूर्ण सूचना तथा अभिलेख सम्बन्धित निकायले गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

१९. **व्यक्ति, समूह वा गैरसरकारी संघ/संस्थाः** (१) निजी क्षेत्रको लगानीबाट आयोजना निर्माण तथा सञ्चालन गर्ने संस्था वा व्यक्तिले अनुमतिपत्रको माध्यमबाट त्यस्तो आयोजनाको विकास गरी सःशुल्क सेवा उपलब्ध गराउन सक्नेछ।

(२) परम्परागत रुपमा स्थानीय कृषकद्वारा सञ्चालित प्रणालीलाई गाउँपालिकाले सञ्चालनको पूर्ण स्वतन्त्रताको प्रत्याभूति दिनेछ।

२०. **वातावरण संरक्षण एवं जल गुणस्तर व्यवस्थापन:** (१) आयोजना निर्माणबाट पर्नसक्ने वातावरणीय नकारात्मक प्रभाव न्यून हुनेगरी आयोजना सम्पन्न गरिनेछ । यसका लागि सरकारी, गैरसरकारी र स्थानीय स्तरमा आवश्यक सक्षमता र जनचेतना अभिवृद्धि गरिनेछ ।

(२) आयोजनाबाट वातावरणमा पर्नसक्ने नकारात्मक असरका सम्बन्धमा सार्वजनिक सुनुवाइ (Public Hearing) तथा सामाजिक परीक्षण (Social Auditing) लाई मुख्य आधार बनाई प्रचलित कानूनको अधिनमा रही आवश्यकतानुसार वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गरिनेछ । वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षणले सिफारिस गरेका प्रमुख सुझावहरुलाई योजना निर्माण कार्यसँग आबद्ध गरी सञ्चालन गरिनेछन् ।

(३) कुनै मुहान वा खोला/खहरेबाट खानेपानी तथा सिँचाइको लागि पानी प्रयोग गर्दा त्यस्ता मुहान वा खोला/खहरेमा आवश्यक पर्ने न्यूनतम जलस्तर कायम हुनेगरी पानी छोडेर बाँकी पानी मात्र खानेपानी वा सिँचाइको लागि उपयोग गरिनेछ ।

(४) वातावरणमा नकारात्मक असर नपर्ने गरी पानीको समुचित उपयोग गर्नुका साथै जल गुणसम्बन्धी अनुगमन, अध्ययन तथा अनुसन्धानात्मक कार्यहरु सञ्चालन गरिनेछन् ।

(५) खानेपानी तथा सिँचाइ आयोजना सञ्चालन गर्दा प्रभावित क्षेत्रभित्र नदी कटान, बाढी, पहिरो आदिबाट हुनसक्ने क्षतिबाट प्रणालीको सुरक्षाका लागि गरिने कार्यहरु आयोजनाको मर्मतसम्भार कार्यको लागतमा समावेश गरी गरिनेछन् । बदलिँदो प्राकृतिक र सामाजिक परिस्थितिलाई ध्यानमा राखी आयोजनाको निर्माण, व्यवस्थापन, संरक्षण र उपयोग विधिमा व्यापक जनचेतना अभिवृद्धि गर्ने ।

(६) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहमा रहेका वातावरणमैत्री तालतलैया, पोखरी, सिमसार तथा मूल (Spring) हरुको संरक्षण तथा सम्वर्धन सम्बन्धी कार्य सम्बन्धित निकायसँग समन्वय गरी सञ्चालन गरिने छन् ।

२१. **प्रविधि विकास तथा प्राविधिक जनशक्ति व्यवस्थापन:** (१) उपलब्ध स्रोत, संरचना र प्रविधिको प्रभावकारी उपयोग गर्नुको साथै सीमान्त कृषि भूमिमा समेत सिँचाइ सुविधा विस्तारका लागि भूमिगत तथा सतहजलस्रोतको संयोजनात्मक उपयोग एवं फोहरा, थोपा सिँचाइ, तालतलाउ तथा पोखरीजस्ता आधुनिक प्रणालीको विकास र विस्तार गरिनेछ ।

(२) देशमा विद्यमान सिँचाइ विकास, बिस्तार र व्यवस्थापन सम्बन्धी अनुभव र सीपलाई औपचारिक शिक्षा प्रणालीमा समावेश गर्न सम्बन्धित निकायसँग समन्वय गरि लागु गर्ने ।

(३) नयाँ प्रविधिमा आधारित आयोजनाहरुको विकास र क्षमता विकास (Capacity Building) समेतलाई विशेष महत्व दिई कार्यान्वयन गर्ने ।

(४) सिँचाइ सम्बन्धी सूचना प्रणालीको विकास गर्न आवश्यक साधन स्रोत तथा प्रविधि उपलब्ध गराउँदै विभिन्न उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने तथा आदानप्रदान गर्ने ।

(५) प्रत्येक आयोजनाको सम्भाव्यता अध्ययन अवस्थामा नै तालिम, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनको आवश्यकता पहिचान गरी समुचित बजेट र जनशक्तिको व्यवस्था गर्ने ।

## परिच्छेद–६

## समन्वय, प्रोत्साहन, अनुगमन, मुल्याङकन तथा भुक्तानी

२२. **समन्वय र सामन्जस्य:** (१) जलस्रोत संरचनाले चर्चेको क्षेत्रमा भएका रुख विरुवा तथा अन्य जायजेथा माथिको स्वामित्व, दायित्व र त्यसको उपयोगको जिम्मेवारी र जवाफदेही प्रचलित कानून बमोजिम हुनेछ । सिँचाइ प्रणालीहरुको नहर एवं कुलोको डिलमा बृक्षारोपणको सन्दर्भमा सम्बन्धित जल उपभोक्ता समितिले सम्बन्धित सिँचाइ तथा वन कार्यालयको समन्वयमा काम गर्नेछ ।

(२) जलस्रोतको दिगो विकासको निमित्त आवश्यक अनुसन्धान, अध्ययन तथा तालिमको काममा स्थानीय गैरसरकारी क्षेत्रको संलग्नता बढाउँदै उपभोक्ता संस्था तथा निजी क्षेत्रको संस्थागत विकासमा सहयोग पुऱ्याइनेछ ।

(३) सम्भाव्य जलस्रोत विकासको लागि विभिन्न नदी, घाटीका जल बहाव क्षमताको तथ्याङ्कलाई जल तथा मौसम विज्ञान विभागसँगको समन्वय र सहकार्यमा अद्यावधिक गरिनेछ।

(४) जलस्रोत विकास, विस्तार र व्यवस्थापन कार्यक्रमलाई खानेपानी तथा कृषि विकास कार्यक्रमसँग आबद्ध गर्न आयोजनाको पहिचान र छनौटको कामदेखि कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका काममा समेत खानेपानी/सिँचाइ, कृषि शाखा तथा पूर्वाधार विकास शाखाबीच निकटस्थ कार्यगत एकता र सामन्जस्य कायम राखिनेछ।

(५) स्थानीय तहबाट हेडवर्क्स तथा इन्टेक निर्माण गरिने तथा आधुनिक प्रविधिको उपयोग गरी खानेपानी तथा साना सिँचाइ आयोजनाहरु निर्माण गरिने।

(६) सक्रिय उपभोक्ता रहेको, वर्षैभरि खानेपानी तथा सिँचाइ सेवा प्रदान गर्न सक्ने (Priority Package Program) प्रणालीको सिँचाइ कृषि शाखाबाट सञ्चालन गर्ने।

(७) खानेपानी मुहान संरक्षण गर्न मुहान वरपर वृक्षारोपण, वनजंगल संरक्षण, भल कटान, पहिरो नियन्त्रणजस्ता कार्यलाई गाउँपालिकाले निरन्तरता दिनेछ।

**२३. <u>प्रोत्साहन तथा सहुलियतः</u>** (१) भूमिगत जलस्रोत र लिफ्ट सिँचाइमा प्रयोग हुने विद्युतको महशूलमा संघीय सरकारले व्यवस्था गरेबमोजिम विशेष सहुलियत उपलब्ध गराइनेछ।

(२) गाउँपालिका क्षेत्रभित्रका खानेपानी तथा सिँचाइका उत्कृष्ट संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन कार्यमा संलग्न उपभोक्ता संस्थाहरुलाई प्रोत्साहन स्वरुप वार्षिक रुपमा कदरपत्र सहित पुरस्कृत गरिनेछ।

(३) खानेपानी संरचना निर्माण तथा नहर, कुलो तथा कुलेसो निर्माण एवं व्यवस्थापन गर्न उपभोक्ता संस्थाले सो कार्यका लागि प्रयोग गर्ने भारी उपकरण आयात गर्ने भए सो आयात गर्दा लाग्ने आयात शुल्क र दस्तुरमा सहुलियत दिने व्यवस्था गरिनेछ।

**२४. <u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१) जलस्रोतको दिगो र भरपर्दो सेवाको अनुगमन तथा मूल्याङ्कन गर्न गाउँपालिका स्तरीय खानेपानी तथा सिँचाइ जल उपभोक्ता महासंघको प्रतिनिधि समेत समावेश भएको एक गाउँपालिका स्तरिय सिँचाइ अनुगमन समिति गठन गरिनेछ। खानेपानी तथा सिँचाइ सम्बन्धी कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्दा सोही स्तरका उपभोक्ता संस्थाका प्रतिनिधि तथा शाखाको सहभागिता हुनेछ।

(२) सम्झौता अनुसार आयोजना निर्माण तहमा गुणस्तर एवं प्रभावकारिता कायम गर्न मापदण्ड अनुसार कार्यसम्पादन भए नभएको बारेमा कुनै पनि समयमा शाखा वा गाउँपालिकाबाट अनुगमन हुन सक्नेछ, सोको लागि उपभोक्ता संस्थाले सहजीकरण गर्नु पर्नेछ।

(३) अनुगमनका क्रममा वा अन्य समयमा कुनै समस्या आइपरेको खण्डमा शाखा वा गाउँपालिकाले आवश्यक निर्देशनहरु दिन सक्नेछ, उक्त निर्देशनहरु पूर्णरुपमा पालना गर्नु उपभोक्ता संस्थाको कर्तव्य हुनेछ।

**२५. <u>भुक्तानी प्रक्रियाः</u>** (१) सम्पादित कामको भुक्तानी माग गर्दा उपभोक्ता संस्थाले सम्पादित कामको प्राविधिक मूल्याङ्कन एवम् बिजकका साथ खर्च प्रमाणित गर्ने बिल, भर्पाइ तथा अन्य कागजात संस्थाको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्नेछ।

(२) पालिकाको प्रतिनिधिबाट सम्पन्न कार्यको नापजाँच वा कार्यसम्पन्न पश्चात् अन्तिम नापीको समयमा उपभोक्ता संस्थाको तर्फबाट तोकिएको प्रतिनिधि उपस्थित हुनु पर्नेछ, तर निज उपस्थित नभएकै कारणले उक्त कार्यमा बाधा पुगेको मानिने छैन।

(३) भुक्तानी गर्दा तोकिएको जनसहभागिताको समानुपातिक अंश कट्टा गर्नुपर्नेछ। सम्पूर्ण जनसहभागिता अन्तिम भुक्तानी गर्नुअघि नै फछ्यौँट भइसक्नु पर्नेछ।

(४) उपभोक्ता संस्थाले भुक्तानी माग निवेदन गर्नु अगावै भए गरेको कामको सार्वजनिक सुनुवाई गर्नुपर्नेछ, भुक्तानी लिएपछि आफूले गरेको खर्चको विवरण वडा कार्यालयको सूचना पाटी र सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ।

(५) उपभोक्ता संस्थालाई गरिने भुक्तानी संस्थाको बैँक खाता मार्फत् हुनेछ।

(६) संस्थाले जनश्रमदानको रुपमा वा भुक्तानी पाउने गरी सम्पादन गरेको कामको विवरण समेत नापी किताबमा अनिवार्य रुपमा चढाउनु पर्नेछ।

२६. **म्याद थप गर्न सक्नेः** (१) दफा ९ बमोजिम प्रकृया पुरा गरी सम्झौता भई कार्यसञ्चालनका क्रममा तोकिएको समयसीमा म्यादभित्र कार्य सम्पन्न नहुने स्थिति देखेमा उपभोक्ता संस्थाले उक्त म्याद तामेल हुनुभन्दा कम्तीमा ७ दिनअघि शाखा मार्फत् पालिकामा थप म्यादका लागि निवेदन दिन सक्नेछ।

(२) निवेदनसाथ सम्पन्न भइसकेको कार्यको विवरण, गर्न बाँकी रहेको कामको विवरण, थप म्यादभित्र काम सम्पन्न गर्ने गरी तयार गरिएको कार्यतालिका, म्याद थप गर्नुपर्ने औचित्य आदिसमेत खुल्ने गरी कागजात पेश गर्नु पर्नेछ।

(३) त्यस्तो निवेदन प्राप्त भएपछि कार्यालयले सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० अनुसार कारवाही अगाडि बढाउनु पर्नेछ।

(४) माथि जेजस्तो कुरा लेखिएको भए तापनि एउटा आर्थिक वर्षबाट अर्को आर्थिक वर्षमा म्याद जाने गरी म्याद थप गरिने छैन।

## परिच्छेद–७
## विविध

२७. **विवाद समाधान सम्बन्धी व्यवस्थाः** खरीद सम्झौता बमोजिम कार्य सञ्चालन गर्ने क्रममा उपभोक्ता संस्था मातहत समुह उपसमुह तथा शाखा बीच कुनै विवाद उत्पन्न भई आपसी छलफलबाट समेत समाधान हुन नसकेको खण्डमा सम्बन्धित गाउँपालिकाको न्यायिक समितिमा लिखित उजुर गर्न सक्नेछ। उक्त न्यायिक समितिको निर्णय नै अन्तिम हुनेछ।

२८. **कार्यविधिमा थपघट वा हेरफेर गर्न सक्नेः** गाउँपालिकाले आवस्यक ठानेको जुनसुकै समयमा यस कार्यविधिको आवश्यकता अनुसार समयानुकूल थपघट तथा हेरफेर गर्न सक्नेछ।

२९. **खारेजी तथा बचाउः** (१) यो कार्यविधि लागू भएपछि संघीय सरकार प्रदेश सरकार मातहत गठन भई सञ्चालनमा रहेका सम्पूर्ण खानेपानी तथा सिँचाइ सम्बन्धीका आयोजना, कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ। तर यो कार्यविधि लागू हुनुअघि नै सम्झौता भई सञ्चालनमा रहेका आयोजनाहरुका हकमा भने सोही समयका कार्यविधि बमोजिम प्रक्रियानुसार नै कार्यसम्पादन गर्न गराउन सकिनेछ।

(२) यस कार्यविधिका कुनै प्रावधानहरु जलस्रोत ऐन, २०४९, सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ वा संघीय सरकारका प्रचलित नीति नियमावली वा कार्यविधिसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

(३) असल नियतले गरिएका कामको बचाउ यसै कार्यविधि अनुसार गरिएको मानिने छ।

(४) यस कार्यविधिमा नसमेटिएका कुराहरु जलस्रोत ऐन, २०४९, सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार हुनेछ।

३०. **वातावरण संरक्षणः** सम्बन्धित पक्षहरुबाट वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ विपरीतका कार्यहरु गर्नु गराउनु हुँदैन।

**अनुसूची-१**
**उपभोक्ता समितिले बेहोर्नुपर्ने अंशको तालिका**

**तालिका नं. १**

| सिंचाइ योजना/प्रणालीको किसिम | ट्यांकी, मुहानको काममा लागतको प्रतिशत | मूख्य लाइन वा मूल नहरको काममा लागतको प्रतिशत | शाखा/उपशाखा/प्रशाखा नहर वा लाइनको लागतको प्रतिशत | लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क) नयाँ निर्माण | | | | |
| ठूला/बृहत/बहुउद्देश्यीय खा.पा./सि.आयोजना | ० | ० | ० | ३ |
| मझौला खा.पा./सि.आयोजना | ० | ० | ३ | ५ |
| साना खा.पा./सि.आयोजना | १५ | | | |
| (ख) सुदृढीकरण | | | | |
| ठूला/बृहत/बहुउद्देश्यीय खा.पा./सि.आयोजना | ० | ० | ३ | ५ |
| मझौला खा.पा./सि. आयोजना | ० | ० | ५ | ७ |
| साना खा.पा./सि. आयोजना | ७ | | | |
| मर्मत संभार (AMIS, FMIS) | १० | | | |

**तालिका नं. २**

| नयाँ प्रविधि (नयाँ निर्माण) | मुहानको काममा लागतको प्रतिशत | मूल प्रवाहक/स्टोरेज टेंक/मेन पाइपको काममा लागतको प्रतिशत | वितरण प्रणाली/स्प्रिङ कलर/ड्रीपपाइपको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| नया प्रविधिमा आधारित सि.प्र.तथा माइक्रो इरिगेशन | ० | ५ | २५ |

**तालिकानं. ३**

| भूमिगत सिंचाइ | ट्युववेल, पम्प र पम्पहाउसको काममा लागतको प्रतिशत | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| (क) नयाँ निर्माण | | | |
| डीप ट्युववेल | ३ | ५ | ० |
| (ख) सुदृढीकरण | | | |
| डीप ट्युववेल सुदृढीकरण/ आवधिक मर्मत | ५ | २० | ० |

तालिकानं.३.१

| भूमिगत सिंचाइ/**खानेपानी** | ट्युववेल जडान | पम्प तथा वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|
| नयाँ निर्माण | | | |
| स्यालो ट्युववेल | ० | ५० | ० |

तालिका नं.४

| लिफ्ट/बैकल्पिक उर्जा सिंचाइ/खानेपानी | सम्पवेलर पम्पहाउसको काममा लागतको प्रतिशत | मूलनहर/मेनपाइप/ स्टोरेज टैंक | वितरण प्रणालीको काममा लागतको प्रतिशत | विद्युतीकरणको काममा लागतको प्रतिशत |
|---|---|---|---|---|
| (क) नयाँ निर्माण | | | | |
| साना तथा मझौला | ० | ५ | १० | ० |

| | | | | |
|---|---|---|---|---|
| ठूला तथा वृहत् | ० | ० | १० | ० |
| (ख) सुदृढीकरण | | | | |
| ठूला तथा वृहत् प्रणालीहरुको सुदृढीकरण/आवधिक मर्मत संभार | ० | ५ | १५ | ० |

**द्रष्टब्यः**

१. भूमिगत डिम बोरिङ खानेपानी र सिचाइतर्फ स्यालो तथा डीप ट्युववेलको विद्युत महशूल र सञ्चालन खर्च सम्बन्धित जल उपभोक्ता संस्थाले ब्यहोर्नु पर्नेछ।

२. खडेरी, बाढी, पहिरो, अनिकालजस्ता अप्रत्यासित प्राकृतिक प्रकोपहरुको प्रभाव कम गर्न त्यस्ता क्षेत्रहरुमा गाउँपालिका वा संघीय सरकारले तत्काल खानेपानी तथा सिँचाइका विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

३. आयोजना निर्माणका लागि आवश्यक जग्गा सम्बन्धित जल उपभोक्ता संस्थाले नै उपलब्ध गराउनुपर्नेछ।

अनुसुची–२
दफा १० (३) सँग सम्बन्धित

संस्था दर्ता आवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
अरुण गाउँपालिकाको कार्यालय
प्याउली, भोजपुर ।

महोदय,

हामी तपसिलका उपभोक्ताले पूर्वाधार विकास ऐन, २०७६, खानेपानी तथा सिँचाइ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यविधि (प्रथम संशोधन), २०७७ को अधिनमा रहि देहायको मुहान र उपभोक्ता सदस्य रहने गरि संस्थाको २ प्रति विधान सहित यो निवेदन पेश गर्दछौ ।

(१) उपभोक्ता समितिको नाम र ठेगानाः ............................
(२) उपभोक्ता समितिको उद्देश्यः ...............................
(३) मुहान रहेको स्थान नाम र ठेगानाः ....................
(४) उपलब्ध पानीको परिमाणः .................
(५) आयोजनाको लागत मुल्यः.................
(६) आयोजना शुरु गर्ने मितिः.................
(७) उपभोक्ताले आयोजनमा व्यहोर्नु पर्ने अंश तालिका (अनुसुची–१).................
(८) अन्य कागजातहरु
क) सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रतिलिपि
ख) लाभान्वित घरधुरी संख्या र क्षेत्रफल विवरणः
ख) सरजमिन मुचुल्का र वडा कार्यालयको सिफारिस (मुहान दर्ता नभएमा)
घ) संस्था दर्ता अधिकार प्रत्ययोजन

उल्लेखित व्यहोरा ठिक साँचो हो झुटो ठहरे कानून बमोजिम सहुँला बुझाउला भनि सहिछाप गर्नेः
सहिः
नामः
पदः
ठेगानाः
मितिः
संस्थाको नाम र छापः

**अनुसुची-३**
**दफा १० (८) सँग सम्बन्धित**

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर

## जल उपभोक्ता संस्था दर्ता प्रमाण–पत्र

दर्ता नम्वरः
मितिः

पूर्वाधार विकास सम्बन्धी ऐन, २०७६ को दफा ८ र खानेपानी तथा सिँचाइ जल उत्पन्न प्रकोप नियन्त्रण कार्यविधि (प्रथम संशोधन), २०७७ को परिच्छेद ३ को दफा १० को उपदफा ८ बमोजिम श्री ........................................................................ जल उपभोक्ता संस्था दर्ता गरि यो प्रमाण–पत्र प्रदान गरिएको छ।

प्रमाण–पत्र दिने अधिकारीकोः
सहिः
नामः
पदः

कार्यालयको छापः

**अनुसुची–४**
**(दफा १०(८) सँग सम्बन्धित)**

अरुण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर

## जलस्रोत उपयोगको अनुमति प्रमाण-पत्र

अनुमति पत्र संख्याः......
मितिः........................

श्री................................ उपभोक्ता संस्था,
अरुण गाउँपालिका...................................।

महाशय

तपाईँलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली पूर्वाधार विकास सम्बन्धी ऐन, २०७६, खानेपानी तथा सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यविधि (प्रथम संशोधन), २०७७, को परिच्छेद ३ को दफा १० (८) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. जलस्रोत उपयोगको उद्देश्यः
३. जलस्रोतको नाम, किसिम र रहेको स्थानः
४. उपयोग गर्न पाउने जलस्रोतको परिमाणः
५. जलस्रोत उपयोगको क्षेत्रः
६. जलस्रोत उपयोग गर्ने तरिकाः
७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
८. अनुमतिपत्र बहाल रहने अवधिः १ आर्थिक वर्षको लागि (वार्षिक रुपमा नविकरण गर्नुपर्ने)

**अनुमतिपत्र दिने अधिकारीको**
सहीः-
नाम थरः-
पदः-

## नवीकरण

| नविकरण मिति | प्रमाण पत्र बहाल रहने अवधि | दस्तुर/रसिद नं. | नविकरण गर्ने अधिकारीको नाम | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

**नोट :- यो प्रमाण पत्र नियमानुसार नविकरण गराउनु पर्नेछ ।**

## अनुसुची–५
## दफा १२ सँग सम्बन्धित
## उपभोक्ता संस्थासँग गरिने सम्झौता पत्र

अरुण गाउँपालिका ............. शाखा (पहिलो पक्ष) र ................................................ उपभोक्ता संस्था (दोश्रो पक्ष) बीच ............................................ आयोजना/प्रणाली/काम सम्पन्न गर्न भएको सम्झौता–पत्र योजना/कार्यक्रमको नाम ................................. योजना/प्रणाली वा कामको नाम ................................ संस्थाको नाम ....................... उपभोक्ता संस्थाको ठेगाना .......................... जम्मा सम्झौता रकम रु. ................उपभोक्ता समितिले जनश्रमदान वापत गर्नुपर्ने कार्य रु. ............................... उपभोक्ता समितिले कार्य गरे वापत भुक्तानी हुने रकम रु. .................................. काम शुरु गर्नुपर्ने मिति ............................ काम सम्पन्न गर्नुपर्ने मिति ..................................

**शर्तहरुः**

१. सबै कामहरु इन्जिनियरिङ्ग नर्म्स, प्राविधिक नक्शा, संलग्न प्राविधिक स्पेसिफिकेसन एवं शाखा वा पालिकाले तोकेको निर्देशनानुसार गर्नुपर्नेछ ।

२. सम्झौता बमोजिमको कार्य उपभोक्ता संस्था आफैले गर्नु पर्नेछ; निर्माण व्यवसायी वा अन्य माध्यमबाट गराउन पाउने छैन ।

३. त्रुटी सच्याउने/भूल सुधार गर्ने अवधि सम्पूर्ण कार्य सम्पन्न भएका मितिले ............ दिनको रहनेछ ।

४. संस्थाले पाउने प्रत्येक भुक्तानीबाट........% रकम धरौटी बापत कट्टा गरिनेछ । यसरी कट्टा गरिएको रकम त्रुटी सच्याउने अवधिभर त्रुटि सच्याइसकेपछि र सो अवधि तामेल भइसकेपछि संस्थालाई फिर्ता गरिनेछ ।

५. उपभोक्ता संस्थाले कार्यालयबाट भुक्तानी पाएको रकम दुरुपयोग गरेको बुझिन आएमा छानबीन गरी दुरुपयोग भएजति रकम संस्थाका संलग्न पदाधिकारीबाट दामासाहीले सरकारी बाँकीसरह असूलउपर गरिनेछ ।

६. कुनै कारणवश काम सम्पन्न गर्नुपर्ने मितिभित्र संस्थाले कार्य सम्पन्न गर्न नसकेमा सो काम सम्पन्न गर्नुपर्ने म्यादभन्दा कम्तीमा ७ दिन अगावै कार्यालयमा उचित कारण खुलाई म्याद थपका लागि निवेदन दिनु पर्नेछ, जसउपर कार्यालयबाट सार्वजनिक खरीद ऐन, २०६३ को दफा ५६ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० मा व्यवस्था भए बमोजिम कारवाही बढाइनेछ । तर एक आर्थिक वर्षबाट अर्को आर्थिक वर्षमा म्याद जाने गरी म्याद थप गरिने छैन ।

७. सम्पन्न कार्यको मर्मत सम्भार तथा सञ्चालन नियम बमोजिम सम्बन्धित उपभोक्ता संस्था (.......%)/कार्यालय (.........%) वा .................. ले गर्नु पर्नेछ ।

८. सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ र ११ मा उल्लेख भएको अभिलेख उपभोक्ता संस्थाले अनिवार्य रुपमा राखी भुक्तानी माग गर्दा सोको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

९. उपभोक्ता संस्थाबाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरु प्रयोग गर्न पाइने छैन।

१०. उपभोक्ता संस्थाले सम्पादित कार्यको भुक्तानी माग गर्दा सो साथ प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्चलाई प्रमाणित गर्ने कागजात सो संस्थाको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्नेछ ।

११. अन्य विषयको हकमा प्रचलित ऐन, कानून तथा पालिकाको निर्देशन अनुसार हुनेछ ।

उपरोक्त बमोजिमको काम यसै साथ संलग्न परिमाणहरुको बिजक (Bill of Quantities) मा उल्लेख भए बमोजिमको आइटमवाइज परिमाण र दर अनुसार गर्ने गराउने कुरामा दुबै पक्ष मन्जूर भई आज मिति.......................... का दिन सहीछाप गरि दियौँ/लियौँ ।

| **उपभोक्ता संस्थाको तर्फबाटः** | **कार्यालयको तर्फबाटः** |
|---|---|
| दस्तखतः | दस्तखत |
| नामः | नाम |
| पदः | पद |
| मिति | मितिः |
| साक्षीः | साक्षीः |

**आज्ञाले**
**मणिराम खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**